सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ५(३)बमोजिम प्रस्तुत गरिएको

# स्वतःप्रकाशन (Pro-active Disclosure)

## २०८१ माघ १ गते देखि २०८१ चैत्र मसान्त सम्म



**प्रकाशन**

लुम्बिनी प्रदेश सरकार

उर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रालय

## जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

अर्घाखाँची

## १. जिल्लाको संक्षिप्त परिचयः

### भौगोलिक स्थितिः

कुल क्षेत्रफलः ११९३ वर्ग किलोमिटर

अक्षांश : २७° ४५' देखि २८°६' उत्तर

देशान्तर : ८०° ४५' देखि ८३°२३' पूर्व

उचाई : समुन्द्र सतह देखि ३०५ मिटरदेखि २५१५ मिटर

वर्षा : २२०० मिलिमिटर (औषत वार्षिक)

तापक्रम : ६.५° देखि ४०° सेन्टिग्रेड

### जनसंख्या वितरण (वि.स. २०७८ को जनगणनाका अनुसार)

कुल जनसंख्याः १७७०८६

महिला संख्याः ९६४१४

पुरुष संख्याः ८०६७२

घरधुरी संख्याः ४८४६५

जनसंख्या बृद्धिदरः -१.०५ प्रतिशत

जनघनत्वः १४८ प्रति बर्ग कि.मि.

लैङ्गिक अनुपातः ८३.६७

परिवारको औसत आकारः ३.६५ प्रति घर

अपाङ्गता भएको जनसंख्याः ३.५ प्रतिशत

### सिमाना

पूर्व : पाल्पा,

पश्चिम : प्यूठान र दाङ

दक्षिण : कपिलवस्तु र रुपन्देही,

उत्तर : गुल्मी

### राजनैतिक तथा प्रशासनिक विभाजन

प्रदेश नं. : लुम्बिनी

जिल्लासदरमुकाम : सन्धिखर्क

पालिका संख्या : ६ ( ३ वटा नगरपालिका, ३ वटा गाउँपालिका )

जम्मा वडा संख्या : ६१

प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रः १ वटा

प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र : २ वटा

### जमीनको वितरण :

मध्य पहाडी भागः ६८ प्रतिशत

सिवालिक : ३२ प्रतिशत

**नदी र तालहरूः**

**नदि तथा खोलाहरु :**

बाँगी खोला, मथुरा बेशी खोला, सौर्यखोला, वाणगंगा खोला, राप्ती नदी, रङ्गसिङ्गखोला, सिस्ने खोला, दुर्गा खोला, सीतखोला, खाकाबेसी खोला, दुर्गाङ्ग खोला,

**प्रमुख तालहरुः** ठाडा दह (डमरु दह), सेङलेङ दह ।

**महत्वपूर्ण ऐतीहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूः**

| | | |
|---|---|---|
| सुपादेउराली मन्दिर | : | सन्धिखर्क र शितगंगा नगरपालिका |
| अर्घा भगवति मन्दिर | : | सन्धिखर्क नगरपालिका (साविकको अर्घा गाविस) |
| पाणिनी तपोभुमि | : | पाणिनी गाउँपालिका(साविकको पणेना गाविस) |
| छत्रमहाराजको मन्दिर | : | छत्रदेव गाउँपालिका(साविकको छत्रदेव गाविस) |
| दुर्वासेश्वर गुफा | : | पाणिनी गाउँपालिका(साविकको खिदिम गाविस) |
| नृत्नाञ्चल पर्वत | : | सन्धिखर्क नगरपालिका (साविकको खाँचीकोट गाविस) |
| डमरुदह | : | शितगंगा नगरपालिका (साविकको ठाडा गाविस) |
| जालकाँडाको लेक | : | मालारानी गाउँपालिका(साविकको खन गाविस) |
| मालारानीको मन्दिर | : | मालारानी गाउँपालिका(साविकको खन गाविस) |
| मनचिन्ते पानी | : | मालारानी गाउँपालिका(साविकको खन गाविस) |
| ऐतिहासिक पौवा | : | छत्रदेव गाउँपालिका(साविकको बल्कोट गाविस) |
| मथुरावेसी धार्मिक स्थल | : | सन्धिखर्क नगरपालिका (साविकको वाङ्ला गाविस) |
| सिद्धेश्वर शिवालय मन्दिर | : | सन्धिखर्क नगरपालिका, चुत्राबेसी |
| पाञ्चायन मन्दिर | : | सन्धिखर्क नगरपालिका, शान्ति बगैंचा |
| नरसिंहथान मन्दिर | : | मालारानी गाउँपालिका |
| भुमिकास्थान मन्दिर | : | भुमिकास्थान नगरपालिका |
| खाँची भगवती मन्दिर | : | सन्धिखर्क नगरपालिका |
| तारा खस्ने मन्दिर | : | छत्रदेव गाउँपालिका |
| वाणगंगा धाम | : | शितगंगा नगरपालिका |
| रावण शंख | : | शितगंगा नगरपालिका |
| पतन्जली धाम | : | शितगंगा नगरपालिका |
| सेङलेङ दह | : | भुमिकास्थान नगरपालिका |
| गंगा सरोवर ताल | : | सन्धिखर्क नगरपालिका |
| सिद्धेश्वर मन्दिर | : | सन्धिखर्क नगरपालिका |
| रक गार्डेन | : | सन्धिखर्क नगरपालिका |
| बैकुण्ठपुरी संग्रहालय | : | सन्धिखर्क नगरपालिका |

**चाडपर्वहरू :**

विजयादशमी, दीपावली, चैते दशै, माघे संक्रान्ति, हरिसयनी एकादशी, हरिबोधनी एकादशी, कोजाग्रात पूर्णीमा, इद उल फित्र, इद उल अजहा

**कृषिः**

कृषिमा आधारित जनसंख्याः ६६ प्रतिशत खेति योग्य जमिन : ४५,७३२ हे.

खेति योग्य जमिन मध्ये खेतः ८४४४ हे.

खेति योग्य जमिन मध्ये पाखोः ३७,२६८ हे.

**धर्मावलम्बीहरू (वि.स. २०७८ को जनगणनाका अनुसार) :**

हिन्दु : ९८.२७ प्रतिशत बौद्ध : ०.७८ प्रतिशत

इस्लाम : ०.६८ प्रतिशत प्रकृति र अन्य : ०.२७ प्रतिशत

**जातजातीहरू (वि.स. २०७८ को जनगणनाका अनुसार) :**

पहाडी ब्राह्मणः २८.८ प्रतिशत मगरः १९.६ प्रतिशत क्षेत्रीः १८.१ प्रतिशत

विश्वकर्मा/कामीः १२.२ प्रतिशत मिजार/सार्कीः ६.९ प्रतिशत कुमालः ४.२ प्रतिशत

परियार/दमाइः ३.२ प्रतिशत नेवारः २.९ प्रतिशत घर्ती/भुजेलः ०.७ प्रतिशत

मुसलमानः०.७ प्रतिशत

**भू– उपयोग :**

सरकारी वन : ३४ प्रतिशत

सामुदायिक वन : २२ प्रतिशत

कृषियोग्य जमीन :३९ प्रतिशत

नदी नाला : ५ प्रतिशत

**सिंचाइ स्थिति :**

| | | |
|---|---|---|
| जिल्लाको कुल क्षेत्रफल | : ११९३०० | हेक्टर |
| खेति योग्य जमिन | : ४५७१२ | हेक्टर |
| खेति गरिएको जमिन | : २८६१३ | हेक्टर |
| खेत | : ८४४४ | हेक्टर |
| पाखो | : २०१६५ | हेक्टर |
| बाह्रै महिना सिंचाइ हुने | : ३०८१ | हेक्टर |
| मौसमी सिंचाइ हुने | : ५३६३ | हेक्टर |
| नदी तथा खोला | : ३५३ | गोटा |

**२ सिंचाइको पृष्ठभूमि**

नेपालमा परापूर्वककालदेखी कृषकहरुले परम्परागतरुपमा सिंचाइ क्षेत्रको विकास र विस्तार गर्दै आएकोमा योजनाबद्धरुपमा समग्र नेपालको विकासको थालनी पश्चात नेपाल सरकारले लगानी गर्दै आएको छ । सरकारी स्तरबाट वि. सं. १९७९ देखि तत्कालिन राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो प्रसस्त मौजा रहेको स्थानमा सिंचाइ सुविधा पुर्याउनका लागि ब्रिटिश भारतबाट झिकाइएका अंग्रेजी प्राविधिज्ञहरुको अध्ययन विस्तृत सर्भेक्षण तथा उनीहरुकै प्रत्यक्ष निगरानीमा सप्तरी जिल्लाको त्रियुगा नदीमा बाँध बाँधी पक्की चन्द्र नहरको निर्माण भएको थियो ।यसले सप्तरीको ५०००० एकड ग्रस कृषियोग्य जमिनलाई ओगटेको थियो ।त्यपछीका समय अन्तरालमा अर्का राणा प्रधान्मन्त्री जुद्ध शमशेरले सर्लाहीमा २००० एकड जमिनमा सिंचाइ सुविधा पुग्ने जुद्ध नहर बनाउन लगाएको र २००७ साल अघि सम्म सरकारको पहलमा पश्चिममा कपिल्वस्तुमा जगदिशपुर जलाशयको निर्माण गर्दै पोखराको फेवतालको पार्दीमा बाँध बाँधी सिंचाइ सुविधा उपलब्ध गराएको देखिन्छ । वि. स. २०१३ साल देखी प्रथम पञ्चवर्षिय योजना लागू भए सगैं सिंचाइ क्षेत्रमा पनि योजनाबद्धरुपमा सरकार लगानीको शुरु भएको हो (रा.यो.आ. २०६७) ।नेपालको कुल क्षेत्रफल मध्ये ३५,६१,३२२ हेक्टर जमिन कृषियोग्य जमिन भएता पनि २२,६५,४७९ हेक्टर जमिनमा मात्र सिंचाइ सुविधा पुर्याउन सकिने देखिन्छ ।( IMP 2019 )

नेपाल कृषिप्रधान देश हो र यहाँका अधिकांश मानिसहरु कृषि पेशामा निर्भर रहेका छन् ।राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी समृद्ध नेपाल निर्माण गर्ने भनि सरकारको प्राथमिकतामा रहेको छ ।सोहि बमोजिम कृषियोग्य जमिनमा बाह्रै महिना सिंचाइ पुर्याई कृषिको उत्पादकत्व बढाउन सिंचाइ क्षेत्रको विकास गरी यसको दिगो व्यवस्थापन गर्न आवश्यकता रहेको छ ।परापूर्वककालमा कृषकहरुबाट निर्माण गरीएका तथा सिंचाइ विभाग लगायत अन्य निकायबाट निर्मित सिंचाइ योजनाकोहरुको मर्मत संभार तथा नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीहरुबाट सिंन्चित क्षेत्रको विकास तथा मर्मत संभार कार्यक्रम बाट योजनाहरुको सुधार भैरहेको छ ।

बि.सं. २०४५ साल देखि सिंचाइ बिभाग अन्तर्गत जिल्ला सिंचाइ कार्यालय अर्घाखाँचिको स्थापना भएको हो । स्थानीय स्वायत शासन ऐन, २०५६ जारी भइ लागु भए पछि वि.सं. २०५८ मा सिंचाइ विभागको संरचनात्मक फेरबदल भए पश्चात् जिल्लामा सिंचाइ सम्बन्धि योजनाहरु पश्चिमाञ्चल सिचाइ विकास सव डिभिजन कार्यालय नं ५ अर्घाखाँचि बाट सिंचाइ सम्बन्धि कार्यहरु हुदैं आएका थिए ।
नेपालको संविधान, २०७२ ले परिलक्षित गरे अनुसार जलस्रोत, सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धि केन्द्रिय स्तरका ठुला आयोजना तथा परियोजनाहरु, अन्तर प्रदेशिय बहुउपयोगि आयोजनाहरू, अन्तरदेशिय सरोकार रहने बहुउद्देश्यीय आयोजनाहरूको तर्जुमा, नीति निर्माण, कार्यान्वयन तथा अनुगमनमा संघबाट गर्नुपर्ने कार्यहरूको लागि साविकका सिंचाइ विभाग र जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग खारिज भई बि.सं. २०७४ मा जलस्रोत तथा सिंचाइ विभागको स्थापना भयो भने प्रदेश स्तरका मझौला तथा साना सिंचाइ सम्बन्धि सम्पूर्ण कार्य सिंचाइ योजना मर्मत संभार साथै मझौला तथा साना जलउत्पन्न प्रकोप सम्बन्धि कार्य गर्न प्रदेश सरकार लुम्बिनी प्रदेश तत्कालीन भौतिक पूर्वाधार विकास मन्त्रालय

अन्तर्गत जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचि को स्थापना भएको हो।हाल यो कार्यालय लुम्बिनी प्रदेश सरकार उर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत रहेको छ ।

## ३. कार्यक्षेत्र

यस कार्यालयको कार्यक्षेत्र लुम्बिनी प्रदेशको अर्घाखाँची जिल्ला रहेको छ ।

## ४ लक्ष्य

जलश्रोत तथा सिंचाइ संरचनाहरुको उचित विकास, मर्मत संभार तथा व्यवस्थापन गरी कृषियोग्य भुमिमा बर्षै भरी दिगो एवं भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व तथा उत्पादन वृद्धि गरी गरिवि निवारणमा टेवा पुर्याउने ।

## ५ उदेश्य

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीको मुख्य उदेश्य निम्न प्रकार छन्

- अर्घाखाँची जिल्लामा उपलव्ध जलस्रोतको समुचित उपयोग गरी सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्दै कृषि उत्पादकत्वको अभिवृद्धि गर्ने ।
- अर्घाखाँची जिल्लाको कृषि योग्य जमिनमा सिंचाइको विकास तथा विस्तार गरी वर्षैभरी भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने ।
- सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि निर्मित संरचनाहरूको समयमै उचित मर्मत संभार गरी दिगो र भरपर्दो बनाउने ।
- निर्माण संपन्न भइ संचालनमा रहेका मझौला सिंचाइ प्रणालीहरुको दक्षता (**Efficiency)** बृद्धि तथा उपभोक्ताहरुको क्षमता विकास गरी सिंचाइ सेवालाइ दिगो, भरपर्दो र प्रभावकारी वनाउन सिंचाइ प्रणालीहरुको पुर्ण रुपमा ब्यवस्थापन हस्तान्तरण गर्दै जाने ।
- नदी तथा जलाधार व्यवस्थापनका लागि उपयुक्त प्रविधिको विकास तथा प्रयोग आवश्यक संरचनागत तथा गैरसंरचनागत कार्य गरी जल उत्पन्न प्रकोपबाट हुने क्षति न्यूनिकरण गर्ने साथै जोखिम रहित जग्गा उकास गर्ने ।
- मझौला तथा साना प्रकृतिका पहिरोहरुको ब्यवस्थापनका लागि आवश्यक अध्ययन, अनुसन्धान र संरचनागत तथा गैरसंरचना गत कार्य गरी जनधनको क्षति न्यूनिकरण गर्ने ।
- सिंचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापनका पुर्वाधार सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको विकास तथा सुदृढीकरण गर्ने ।


## ७ रणनीति

- सिंचाइ तथा जल उत्पन्न प्रकोप सम्बन्धि कार्यहरु नेपाल सरकारको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ साथै लुम्बिनी प्रदेश सार्वजनिक खरिद सम्बन्धि प्रदेश नियमावली २०७६, सिंचाइ ऐन सिचाइ नियमावली, नीति, निर्देशिका  लुम्बिनी प्रदेश उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय बाट जारी परिपत्रहरुको प्रकृया अवलम्बन गरी सम्पादन गरिने छ ।
- प्रचलित ऐन कानुन एंव ठेक्का शर्त भित्र रही  जल उपभोक्ता संस्था को सहकार्यमा तोकिएको बमोजिम गुणस्तर युक्त कार्यहरु गर्ने  गराउने कार्य यस डिभिजन कार्यालयको हुनेछ ।

## ६. कार्यनीति :

- स्थानीय जनताको माग, स्थानयि तहको सिफारिस र त्यसको आवश्यकताको पहिचान प्रदेश सरकारको निर्देशन तथा परिपत्रलाइ आधार मानी योजना छनौट गरिने छ ।
- कार्यस्थलको सामाजिक वातावरणको अध्ययन एवं मुल्यांकन गरी स्थानीय गैर सरकारी संस्था उपभोक्ता समिति, सामुदायिक वन समिति, महिला समुहहरुको समेत पहिचान गरी यस कार्यक्रम सञ्चालनमा सहभागी गराउने प्रयास गरिने छ ।
- सिंचाइ संरचनाको निर्माण कार्यलाई दिर्घकालीन सोच अनुरुप योजनावद्ध तवरले सञ्चालन गरिने छ ।  मझौला सिंचाइ योजना तथा नदी नियन्त्रणकार्यको  अध्ययन गरी विस्तृत योजना प्रतिवेदन तयार पारिने छ । यस्तो प्रतिवेदन अख्तियार प्राप्त अधिकारीबाट स्वीकृति प्राप्त भएपछि कार्यक्रम सञ्चालनमा आउने छ ।
- स्वीकृत गुरुयोजना भित्र रहि सिंचाइ योजना तथा नदी नियन्त्रण कार्यको लागत अनुमान एवं डिजाइन, ड्रइङ्गहरु तयार पारिनेछ । यस्ता प्रतिवेदनहरुको स्वीकृति दिने कार्य उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय लुम्बिनी प्रदेश  मार्फत हुने छ । साथै कार्यक्रम सञ्चालन गर्ने कार्यमा संलग्न विभिन्न कर्मचारीहरुको कार्यविवरण अनुसार हुनेछ भने  प्रशासनिक अधिकार नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुने छ ।
- सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ ले व्यवस्था गरे अनुसार ठेक्काबाट गराउन उपयुक्त हुने कार्य ठेक्का व्यवस्थापनबाट र उपभोक्ता समितिबाट गर्न सकिने (उपयुक्त ठहरिएका) कार्यहरु उपभोक्ता समिति मार्फत गराईने छ ।

## ८ कार्यालयको संगठानिक विवरण :




## ९ कार्यालयको कर्मचारी पदपुर्तिको अवस्था :

| सि. नं. | पद | श्रेणी | सेवा | समुह | उपसमूह | स्वीकृत दरबन्दी | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख (सि.डि.ई) | अधिकृत स्तर दशौं/नबौं | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ | १ | |
| २ | इन्जिनियर | अधिकृत स्तर सातौं/आठौ | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | २ | १ | |
| ३ | सहायक/अधिकृत | सहायक पाचौ/अ.छैठौ | प्रशासन | सा.प्रशासन | | १ | | |
| ३ | सहायक/अधिकृत | सहायक पाचौ/अ.छैठौ | प्रशासन | लेखा | | १ | | |
| ४ | स.इन्जि./अधिकृत | सहायक पाचौ/अ.छैठौ | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | ३ | १ | |
| ५ | ए.ओ | सहायक चौथो /पाचौं | इन्जिनियरिङ्ग | एगृ इरिगेशन | | १ | | |
| ७ | हलुका सवारी चालक | श्रेणीविहिन | | | | १ | | करार |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | २ | | १ करार |

१० कार्यालयको कर्मचारी विवरण

| क्र.सं. | कर्मचारीको नाम,थर | पद | तह वा श्रेणी | स्थायी ठेगाना | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री भेषराज भुसाल | नि.डि.प्रमुख | अधिकृत आठौं | सन्धिखर्क न.पा. १० अर्घाखाँची | ९८५७०८११६२ | |
| २ | श्री बिर ब बि सि | प्राविधिक अधिकृत | अधिकृत छैठौं | तुल्सीपुर दाङ | ९८६७४१८९६३ | |
| ३ | श्री दुर्गामणी घिमिरे | प्राविधिक अधिकृत | अधिकृत छैठौं | छन्द्रकोट ६ गुल्मी | ९८५७०६३१६२ | |
| ४ | श्री रामजी भट्टराई | ए . ओ. अधिकृत | अधिकृत छैठौं | सन्धिखर्क न.पा. ०४ अर्घाखाँची | ९८५७०८४७७५ | |
| ५ | श्री माधव प्रसाद भुसाल | ना. सु. | रा प अन प्रथम | स.न.पा. ०७ अर्घाखाँची | ९८४७१५९९६३ | कामकाज संघ |
| ६ | श्री शिवहरी खनाल | लेखापाल | रा प अन प्रथम | मालारानी गा.पा. ०४ | ९८५७०६९५७२ | कामकाज संघ |
| ७ | श्री डम्बर बहादुर खत्री के.सी. | का.स. | श्रेणी बिहिन | सन्धिखर्क न.पा. ०७ अर्घाखाँची | ९८६६८२६६५५ | |
| ८ | श्री पूर्ण कुमार श्रेष्ठ | ह.स.चा. | श्रेणी बिहिन | सन्धिखर्क न.पा. ०४ अर्घाखाँची | ९८४७५२९२२६ | करार सेवा |
| ९ | श्री प्रकाश घिमिरे | का.स. | श्रेणी बिहिन | भू न.पा. ० ९ अर्घाखाँची | ९८४४७४०१९६ | करार सेवा |

११. यस कार्यालयबाट प्रदान गरिने सेवा शाखा लाग्ने दस्तुर अवधि र जिम्मेवार ब्यक्ति

# जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, अर्घाखाँची

## नागरिक बडापत्र (CITIZEN CHARTER)

कार्यालयबाट प्रदान गरिने सेवाहरुको उद्धेश्यः

१.जिल्लामा उपलब्ध जलस्रोतको समुचित उपयोग गरि सिंचाई क्षेत्रको दिगो विकास एवं विस्तार गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्दी गर्ने ।

२. जिल्लामा रहेका सम्भावित जल उत्पन्न प्रकोप जोखिम क्षेत्रकोपहिचान गरि जोखिम न्युनिकरण गर्ने ।

३.जल उपभोक्ता संस्थाहरुको संस्थागत विकास गर्ने ।

सेवाको प्रकारः

क) नया सिंचाई योजनाहरुको निर्माण गर्ने एवं निर्माण सम्पन्न भएका सिंचाई प्रणालीहरुको मर्मत सम्भार एवं व्यवस्थापन गरि सिंचाइको लागि पानी उपलब्ध गराउने ।

ख) कृषकहरुलाई सिंचाई सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।

ग) जल उत्पन्न प्रकोप न्युनिकरण सम्बन्धि कार्य गर्ने ।

घ) जल उपभोक्ता संस्थाको संस्थागत विकास गर्ने ।

| सि.नं. | उपलब्ध सेवा | सेवाग्राहीले पुर्याउनुपर्ने प्रक्रिया तथा प्रमाणहरु | सेवा वापत लाग्ने शुल्क | सेवा दिन लाग्ने समयावधी | जिम्मेवारी शाखा | उजुरी तथा गुनासो सुन्ने व्यक्ति |
|---|---|---|---|---|---|---|
| १. | मझौला तथा ठुला सिंचाई योजना निर्माण तथा नविकरण सुधार आदि | जिल्ला स्थित सिंचाईकार्यालयबाट तोकिएको ढाचाको अनुरोध फाराम लिई त्यसमा सोधिएका सम्पुर्ण विवरणहरु भरी सिंचाई योजनामा अधिकांश कृषकहरुले फाराममा हस्ताक्षर गरि कार्यालयमा पेश गर्नु पर्नेछ । | क)माग फाराम साथ सिंचाई गर्न प्रस्तावित क्षेत्रको प्रति रोपनी दुई रुपैया पचास पैसाको दरले हुने रकम धरौटीका रुपमा जम्मा गर्नु पर्नेछ<br>ख) योजनाको अध्ययन पस्चात सम्भाव्य भई संचालन हुने अवस्थामा कुल लागतको ०.५%रकम जम्मा गर्नु पर्नेछ ।<br>ग) नियमानुसार जनसहभागिता गर्नुपर्नेछ । | नियमानुसार पहिचान भैसकेको योजनाहरु मध्येबाट प्राथमिकताको आधारमा संभाव्य देखिएमा योजनाहरुको स्रोतको व्यवस्था गरि कार्यान्वनमा ल्याइनेछ । | योजना डिजाइन तथा कार्यान्वयन शाखा<br>-आर्थिक प्रशासन शाखा<br>-अनुगमन मुल्यांकन गुणस्तर नियन्त्रण संथागत विकास तथा तालिम शाखा | डिभिजन प्रमुख |
| २. | किसानद्वारा सन्चालित सिंचाइ प्रणालीहरुको मर्मत संभार कार्य | सिंचाई प्रणालीहरुको तथा कृषकको काबु भन्दा वाहिरको परिस्थितिमा मर्मत संभार निर्माण कार्य गर्न सरकारी सहयोगको अपेक्षा राख्ने कृषकहरुले जल उपभोक्ता संस्था कृयाशिल भइको साधारण मर्मत सम्भारको लागि कम्तिमा ३ वर्ष देखि सरकारी सहयोग प्राप्त नगरेका तथा स्थानिय तहबाट समेत सिफारिस साथ आफ्नो जल उपभोक्ता संस्था मार्फत तोकिएको ढाचामा विवरणहरु भरि आफुले मर्मत गर्न नसक्नाको कारण समेत प्रष्ट उल्लेख गरि कार्यालयमा निवेदन दिनुपर्नेछ । | क) निःशुल्क<br>ख)नियमानुसार कम्तिमा १०%जनसहभागिता गर्नु पर्नेछ । | अध्ययनबाट संभाव्यताको र प्राथमिकतामा पर्ने सिंचाई प्रणालीहरुको प्राविधिक प्रतिवेदन प्रदेश मन्त्रालयबाट स्विकृत गराइ संचालनमा ल्याइनेछ । | -योजना डिजाइन तथा कार्यान्वयन शाखा<br>-आर्थिक प्रशासन शाखा<br>-अनुगमन मुल्यांकन गुणस्तर नियन्त्रण संथागत विकास तथा तालिम शाखा | डिभिजन प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | संस्था दर्ता तथा नविकरण | क) संस्था दर्ता सिंचाई प्रणालीका उपभोत्ताहरुले उपलब्ध भएसम्म ३३% महिला दलित उत्पिडित र पिछडिएका जानजाती सहित ११ जना सम्मको कार्य समिति गठन गरि उपभोक्ता संस्ताको दर्ताको लागि एक प्रति माइन्युटिङ २ प्रति पारित विधानमा मुल समितिको पादाधिकारिको हस्ताक्षर भएको एवं सदस्यहरुको नागरिकताको फोटोकपि समेत राखि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कार्यालयमा निवेदन दिनुपार्नेछ ।<br>ख) नविकरण नियमानुसार दर्ता भएका प्रत्येक उपभोक्ता संस्थाले आर्थिक बर्ष समाप्त भएको मितिले ९० दिन भित्र महालेखा परिक्षकको विभागबाट मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराइ सोको प्रतिवेदन र बार्षिक प्रतिवेदन संलग्न गरि कार्यालयमा नविकरणको लागि दरखास्त दिनुपर्नेछ । | क) दर्ताको लागि रु १००<br>ख) नविकरणको लागि ९० दिन भित्र निःशुल्क आर्को ९० दिनको लागि बिलम्ब शुल्क रु १०० | ७ (सात) दिन भित्र | -योजना डिजाइन तथा कार्यान्वयन शाखा<br>-आर्थिक प्रशासन शाखा<br>-अनुगमन मुल्यांकन गुणस्तर नियन्त्रण संथागत विकास तथा तालिम शाखा | डिभिजन प्रमुख |
| ४. | नया प्रविधिमा आधारित सिंचाई आयोजना | पानी र खेति योग्य जमिन न्युन भएका सिमान्तकृषक समुदायले योजनाको सम्पुर्ण विवरण ऊल्लेख गरि अधिकांश कृषकहरुले हस्ताक्षर सहित निवेदन कार्यालयमा पेश गर्नु पर्ने छ । | क) निःशुल्क<br>ख नियमानुसार कम्तिमा ३% जनसहभागिता गर्नु पर्नेछ । | अध्ययनबाट सम्भाब्य भएको र प्राथमिकतामा पर्ने सिंचाइ प्रणालीहरुको प्राविधिक प्रतिवेदन प्रदेश मन्त्रालयबाट स्विकृति गराइ सन्चालनमा ल्याइने छ । | -योजना डिजाइन तथा कार्यान्वयन शाखा<br>-आर्थिक प्रशासन शाखा<br>-अनुगमन मुल्यांकन गुणस्तर नियन्त्रण संथागत विकास तथा तालिम शाखा | डिभिजन प्रमुख |
| ५. | पहिरो व्यवस्थापन नदि नियन्त्रण तथा आकस्मिक जल उत्पन्न प्रकोप व्यवस्थापन | स्थानिय जनप्रतिनिधिको रोहवरमा योजनाका लाभग्राहिहरुको भेला बसि तयार पारिएको माइन्युट र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कार्यालयमा निवेदन दिने साथै प्रकृति हेरि जिल्ला प्राकृतिक प्रकोप उद्दार समिति बाट समेत सिफारिससाथ निवेदन र अन्य प्रमाण पेस गर्ने | निः शुल्क | प्रकृतिहेरि तत्काले तथा प्राथमिकताको आधारमा वार्षिक कार्यक्रम समावेश गरि कार्य गरिनेछ । | -योजना डिजाइन तथा कार्यान्वयन शाखा | डिभिजन प्रमुख |
| ६. | दर्ता चलानी प्रशासनिक कार्य तथा जनसम्पर्क | प्रशासन फाँटमा सम्पर्क राख्रे | निः शुल्क | तत्काले | प्रशासन शाखा | डिभिजन प्रमुख |

## १२.आ. व. २०८१।८२ को तेश्रो त्रैमासिक प्रगति सारांश

रकम रु हजारमा

| क्र.सं | बजेट शिर्षक | दोस्रो त्रैमासिक विनियोजन | दोस्रो त्रैमासिक खर्च | खर्च (%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | २५४३.०० | २०६१.७६२ | ८१.०७ % | |
| २ | पूँजीगत | ६७८४८.०० | ६२७६६.७०७ | ९२.५१ % | |
| | कूल जम्मा | ७०३९१.०० | ६४८२८.४२ | ९२.०९ % | |

## १३ आ. व. ०८१/८२ को हालसम्मको प्रगति साराशं

रकम रु हजारमा

| क्र. सं. | बजेट शिर्षक | वार्षिक विनियोजन | हालसम्मको खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | १०१७८.०० | ६४३४.६७६ | ६३.२२ % | |
| २ | पुँजिगत | ४००.०० | ३९३.३८३ | ९८.३५ % | |
| ३ | पुँजिगत | १६७५००.०० | ८८९७८.१४० | ५३.१२ % | |
| | जम्मा | १७८०७८.०० | ९५८०६.१९९ | ५३.८० % | |

## १४ आ. व. ०८१/८२ को कार्यक्रमगत हालसम्मको प्रगति विवरण

रकम रु हजारमा

| क्र. सं. | कार्यक्रमको नाम | वार्षिक बजेट | हालसम्मको खर्च | हालसम्मको प्रगति % | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय | |
| १ | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिंचाइ कार्यक्रम | ६४,४१६.०० | ३४२१९.६१२ | ६१ | ५३.१२ | |
| २ | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | ७३,५८४.०० | ३६३९८.४८३ | ७३ | ४९.४७ | |
| ३ | जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापन कार्यक्रम | २,७०००.०० | १६६२९.३३८ | ७६ | ६१.५९ | |
| ४ | जलासय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम | २,५००.०० | १७३०.७०७ | ७८ | ६९.२३ | |
| | कुल जम्मा | १७८०७८.०० | ८८९७८.१४ | ७२ % | ५३.१२ | |

## १५. आ. व. २०८१।८२ को यस अवधिमा योजना कार्यान्वयनको अवस्था

| क्र.सं | कार्यक्रमको नाम | कूल आयोजना संख्या | खरिद प्रक्रियामा | कार्यान्वयन भैरहेका | हाल सम्म सम्पन्न भएका | खरिद प्रक्रियामा जान बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिंचाइ | ३० | २८ | १४ | १४ | २ | |
| २ | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार | ७६ | ७१ | १६ | ५५ | ५ | |
| ३ | जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापन | २४ | २३ | ४ | १९ | १ | |
| ४ | जलासय निर्माण तथा पोखरी संरक्षण | ३ | ३ | १ | २ | ० | |
| | कूल जम्मा | १३३ | १२५ | ३५ | ९० | ८ | |

## १६ बेरुजु सम्बन्धी विवरण प्रदेश कार्यालय स्थापना भए पश्चातको

रु. हजारमा

| क स | बेरूजु किसिम | जम्मा बेरूजु रकम (आ.ब.२०८०/८१सम्म) | रकम हाल सम्म फछ्र्योट | फछ्र्योट % | कैफियत |
|---|---|---|---|---|---|
| १ | असुल उपर गर्नु पर्ने | २३२.०८४ | २३२.०८४ | १०० % | रकम रु ५७४.५३४ को प्रमाण पेश गरि फर्छयौटको क्रममा रहेको |
| २ | नियमित गर्नु पर्ने | ४४२६.८८४ | ५०.७३५ | १.१४ % (१४.१२) | |
| ३ | पेश्की | ० | ० | ० | |
| | कूल जम्मा | ४६५८.९६८ | २८२.८१९ | ६.०७% | |

## १७ २०४५ साल देखी हाल सम्म कार्यरत डिभिजन प्रमुखहरुको नामावली विवरण

| सि नं | नाम थर | पद | देखी | सम्म |
|---|---|---|---|---|
| १ | श्री पुरुषोतम श्रेष्ठ | इन्जिनियर | २०४५ | २०४६ / १२ / ०७ |
| २ | श्री रघुनाथ झा | इन्जिनियर | २०४६ /१२ / १० | २०४८ / ०२ / ३१ |
| ३ | श्री हेरम्व विलास लोहनी | इन्जिनियर | २०४८ / ०४ /०९ | २०४९ / १० / ११ |
| ४ | श्री चन्चल सिंह बिष्ट | इन्जिनियर | २०४९ / ११ / १८ | २०५० / ०८/ १० |
| ५ | श्री बैकुन्ठराज आचार्य | इन्जिनियर | २०५० / ०८ / ०३ | २०५२ / ०५ / २० |
| ६ | श्री लोकनाथ ज्ञवाली | इन्जिनियर | २०५० / ०८ / ०३ | २०५६ / ०८ / ०८ |
| ७ | श्री महाजन यादव | सि डि ई | २०५६ / ०८/ २८ | २०५७ / ०४ / ३२ |
| ८ | श्री राजेन्द्र कार्की | इन्जिनियर | २०५७ / ०५ / ११ | २०५७ / १२ / ३० |
| ९ | श्री राजेन्द्र यादव | इन्जिनियर | २०५८ / ०१ / ०९ | २०५९ / ०७ / १४ |
| १० | श्री सरोज पण्डित | इन्जिनियर | २०५९/ ०९ / २१ | २०६१ / ०९ /२९ |
| ११ | श्री देव नारायण झा | इन्जिनियर | २०६१/ १२ / २१ | २०६५ / ०३ /१५ |
| १२ | श्री प्रेमचन्द चौधरी | इन्जिनियर | २०६५/ ०३ / १६ | २०६५ / १२ /२२ |
| १३ | श्री होम बहादुर भट्टराई | इन्जिनियर | २०६६/ ०२/ ०६ | २०६८ / ०३ /०८ |
| १४ | श्री लव कुमार गुप्ता | इन्जिनियर | २०६८/ ०१/ १९ | २०७० / ०५ /०१ |
| १५ | श्री विराट ज्ञवाली | इन्जिनियर | २०७०/ ०४/ २३ | २०७१ / ०१ /०३ |
| १६ | श्री लव कुमार गुप्ता | इन्जिनियर | २०७१/ ०२/ २५ | २०७२ / १२ /३० |
| १७ | श्री टंक बहादुर के सी | डिभिजन प्रमुख | २०७३/ ०१/ ०२ | २०७५ / ०५ /२६ |
| १८ | श्री विष्णु प्रसाद पौड्याल | डिभिजन प्रमुख | २०७५/ ०६/ १९ | २०७६ / ०८ /१० |
| १९ | श्री विष्णु भण्डारी | डिभिजन प्रमुख | २०७६/ ०८/ ११ | २०७९ / ०१ /१२ |
| २० | श्री श्याम कुमार तिमल्सिना | निमित्त कार्यालय प्रमुख | २०७६/ ०१/ १४ | २०७९ / ०९ /०३ |
| २१ | श्री ध्रुवराज पौडेल | डिभिजन प्रमुख | २०७९/ ०९/ ०४ | २०८० / ०५ /२५ |
| २२ | श्री भेषराज भुसाल | निमित्त डिभिजन प्रमुख | २०८० / ०६ / ०४ | हाल सम्म |

१८ यस कार्यालयको गुनासो सुन्ने र सुचना अधिकारीको नाम र पद :



गुनासो सुन्ने अधिकारी

नाम : श्री भेषराज भुसाल

पद : निमित्त डिभिजन प्रमुख

तह : अधिकृत आठौं

सम्पर्क नं : ९८५७०८११६२



सुचना अधिकारी

नाम : श्री रामजी भट्टराई

पद : ए ओ अधिकृत

तह : अधिकृत छैठौं

सम्पर्कनं : ९८५७०८४७७५

## यस कार्यालयको विधुतिय पोर्टल :

फोन नम्बर : ०७७ ४२०१६२

ईमेल : arghakhanchi.idd@gmail.com

वेबसाइट : widdarg.lumbini.gov.np

- कृषिको अधार : सिंचाइमा सुधार ।
- सिंचाइ गरौं : उत्पादन बढाऔं ।
- सिंचाइ क्षेत्रको विस्तार : उत्पादन बृद्धिको आधार ।
- सिंचाइ प्रणालीहरुको निर्माण मर्मत सम्भार एवम व्यवस्थापनमा सक्रिय जनसहभागितामा जुटौं ।
- व्यवसायिक कृषिको प्रमुख आधार बाह्रै महिना सिंचाइ सुविधा पुग्नेगरी सिंचाइ पूर्वाधारहरुको विकास र विस्तार ।